परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक २७ २०८२ माघ १८ आइतवार Sunday, 1 FEB 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## प्रतिनिधीसभा निर्वाचन : मोरंग-५
## नयाँ अनुहारको चल्ती, पुरानालाई चुनौती


फूल कुमार लालवानी
नेपाली काँगेस


मनोज अग्रवाल
नेकपा (एमाले)


आशा झा
रास्वपा


राजकुमार यादव
जसपा नेपाल


योगेन्द्र मण्डल
राउपा


शिवकुमार मण्डल
नेकपा

विराटनगर । आउने फागुन २१ गते हुने प्रतिनिधीसभा निर्वाचन मोरंग क्षेत्र नं. ५ बाट उम्मेदवारी दर्ता गराएका उम्मेदवारहरुले घरदैलो अभियान, भेटघाट र प्रचार प्रसार सुरु गरि सकेका छन् ।

यस अघिका निर्वाचनहरुमा नेपाली काँग्रेस, नेपाली कम्युनिष्ट पार्टी र जनता समाजवादी पार्टी नेपाल र स्वतन्त्रले जितेर गएपनि जनताको चहाना अनुसार विकास निर्माण गर्न नसकेकोले यस पटकको प्रतिनिधीसभा निर्वाचनमा आम जनताले नयाँ अनुहार हेर्न चाहेका छन् । जस कारण नयाँ अनुहार भएका उम्मेदवारहरुको क्षेत्रमा चहलपहल (चल्ती) बढी देखिएको छ भने पटक-पटक जितेर गएका पुराना अनुहारका उम्मेदवाहरुलाई चुनौति थपिएको छ ।

सो क्षेत्रमा नेपाली काँग्रेस पहिलेपनि जित हासिल गरेको भएपनि यसपालि नयाँ अनुहार फुलकुमार लालवानीलाई उम्मेदवार वनाएको छ । नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार शिव कुमार मण्डल दुई पटक जित हासिल गरेको पुरानो अनुहार रहेको छ । जनता समाजवादी पार्टी नेपालबाट दुई पटक पराजित भएका राजकुमार यादव फेरी यस पटक उम्मेदवारी दिएका चिरपरिचत पुराना अनुहार हुन ।

त्यसैगरी स्वतन्त्रवाट जित हासिल गरेका यस पटक राष्ट्रिय उर्जाशिल पार्टीका अध्यक्ष समेत रहेका योगेन्द्र मण्डल पुरानै अनुहारका उम्मेदवार हुन् । नेकपा (एमाले) बाट उम्मेदवारी दिएका मनोज अग्रवाल, राष्ट्रिय स्वतन्त्र पार्टीका आशा झा नयाँ अनुहारका उम्मेदवारहरु हुन् ।

मोरंग क्षेत्र नं. ५ मा नेपाली काँग्रेस, नेकपा माओवादी हालको नेपाली कम्युनिष्ट पार्टी, जसपा नेपाल, स्वतन्त्रबाट जितेका हाल राष्ट्रिय उर्जाशिल पार्टीका अध्यक्ष एवम् उम्मेदवार योगेन्द्र मण्डल समेतले खासै विकास नगरेको भन्दै परिक्षण भई सकेको पुराना अनुहार भएकाले यसपटक नेकपा एमालेका नयाँ अनुहार मनोज अग्रवाल र रास्वपाका नयाँ अनुहार आशा झा विच प्रतिस्पर्धा हुने यूवाहरु वताउँछन् ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको मागलाई पुरागर्न

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेशको हिउँदे अधिवेशन आह्वान

विराटनगर । कोशी प्रदेश सरकारले प्रदेश सभाको आगामी हिउँदे अधिवेशन माघ २५ गतेका लागि आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस गर्ने निर्णय गरेको छ ।

विहीवार बसेको मन्त्रीपरिषद बैठकले आगामी माघ २५ गते दिउँसो २ बजेदेखि प्रदेश सभाको बैठक बोलाउने गरी सिफारिस गरिएको आन्तरिक मामला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले जानकारी दिएका थिए ।

बैठकका निर्णयहरूबारे जानकारी दिँदै मन्त्री पराजुलीले हाल प्रदेश सभाको आफ्नै भवन र सचिवालय निर्माणको क्रममा रहेकाले वैकल्पिक व्यवस्था स्वरूप विराटनगर स्थित वीरेन्द्र सभागृहमा अधिवेशन सञ्चालन गरिने जानकारी गराउँदै मासिक आठ लाख रुपैयाँ भाडा दिने गरी बैठक सञ्चालन गर्न लागिएको वताए ।

मन्त्रीपरिषद् बैठकले प्रदेशको विकास र कानुनी संरचनासँग सम्बन्धित अन्य ६ वटा महत्वपूर्ण निर्णयहरू समेत गरेको थिए । सरकारले मन्त्रीपरिषद्को कानुन, न्याय तथा प्रदेश मामिला समितिबाट परिमार्जित भई आएको कोशी प्रदेश योजना आयोग गठन तथा सञ्चालन ( गठन आदेश) २०८२ लाई स्वीकृत गरेको छ । त्यसैगरी, प्रदेशमा कानुनी सहायता सम्बन्धी व्यवस्था गर्नका लागि कोशी प्रदेश कानुनी सहायता विधेयकको मस्यौदा तयार पार्न सैद्धान्तिक सहमति दिएको थियो ।

बैठकले विकास आयोजनाहरू तर्फ नेपाल र जापान सरकार बीचको आपसी सहमतिमा सञ्चालित कोशी पम्प चन्द्र नहर सिँचाइ आयोजनामा प्रयोग हुने सवारी साधनहरूलाई कर छुट दिने प्रस्ताव पारित गरेको छ । त्यस्तै, ग्रामीण सडक सञ्जाल सुधार आयोजनालाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रदेश सरकारको तर्फबाट साढे १२ प्रतिशत म्याचिङ फण्ड उपलब्ध गराउने निर्णय भएको छ ।

उक्त कार्यक्रम अन्तर्गत संघीय सरकारले ७७ करोड पुँजीगत र चालु ७० लाख रुपैयाँ उपलब्ध गराएको छ। विपन्न नागरिकको आवासको अधिकार सुरक्षित गर्नका लागि कोशी जनता आवास सम्बन्धी मापदण्ड सहितको कार्यविधि २०८२ लाई मन्त्री परिषद्ले स्वीकृति गरेको छ ।

## झण्डाको दुरूपयोग र आचार संहिता उल्लंघन रोक लगाउन आग्रह

विराटनगर । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा आचारसंहिता पालना लगायतबारे मोरङका ६ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएका राजनीतिक दल, स्वतन्त्र उम्मेदवार, निर्वाचनका पर्यवेक्षक, मानव अधिकारकर्मी, सञ्चार कर्मीहरु लगायतसँग मुख्यनिर्वाचन अधिकृतको कार्यालयले विहीवार गरेको सर्वपक्षिय छलफल राष्ट्रिय झण्डाको दुरुपयोग र आचार संहिता उल्लंघन घटनामा तत्काल रोक्न राजनीतिक दलका प्रतिनिधीहरुले आग्रह गरेका थिए ।

राष्ट्रिय झण्डा लिएर अचेल फोटो खिचाउने, ओढ्ने, राजनीतिक दलहरुले प्रचार प्रसारमा झण्डाको दुरुपयोग गर्ने कार्य व्यापक भइरहेकोले तत्काल रोक्न मोरङका राजनीतिक दलकाहरुले आग्रह गर्दै राष्ट्रिय झण्डाको प्रयोग संविधानले व्यवस्था गरे अनुशारको गर्नका लागि नेताहरुले मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी समक्ष आग्रह गरेका थिए ।

जनता समाजवादी पार्टीका मोरङ अध्यक्ष मो.नसरुलले उम्मेदवारहरुले राष्ट्रिय झण्डाको दुरुपयोग गरेको भन्दै राष्ट्रिय झण्डाको प्रयोग कसरी गर्ने भन्ने सामान्य जानकारी पनि नभएकाहरुले झण्डाको दुरुपयोग गरेको भन्दै गुनासो गरेका थिए ।

उज्यालो नेपाल पार्टी मोरङका अध्यक्ष देवराज कार्कीले निर्वाचन प्रचार प्रसारमा राजनीतिक दलहरुले गरेको आचार संहिता उलंघनका गर्नहरुलाई तत्काल कारवाहीको दायरामा ल्याउन र राष्ट्रिय झण्डाको दुरुपयोग बढेकाले तत्काल नियन्त्रण गर्न माग गरेका थिए ।

जनमत पार्टीका मोरङ इन्चार्ज एवम् मोरंग क्षेत्र नं. ४ को उम्मेदवार जीवन गुप्ताले उम्मेदवारलाई बैकमा खाता खोलेर खर्च गर्न पाउने व्यवस्था अनुसार पैसा नभएको उम्मेदवारले कसरी खाता खोल्ने भन्ने प्रश्न गर्दै ठूला भनिने पार्टीहरुले गरेको खर्चको अनुगमन गर्नु माग गरेका थिए । संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका मोरङ अध्यक्ष मिक्सम मिभकले राष्ट्रिय झण्डाको दुरुपयोग बढेको भन्दै नियमन कारी निकायले झण्डाको दुरुपयोग रोक्नमा जोड दिएका थिए ।

सर्वपक्षिय छलफल कार्यक्रममा नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा, नेकपा माओवादी, राप्रपा लगायतका राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुले निर्वाचन भयरहित जोड दिएका थिए । स्वतन्त्र उम्मेदवारहरुले निर्वाचन आचारसंहिता कडाईका साथ पालना गराउनुपर्नेमा जोड दिएका थिए ।

वांकी अन्तिम पेजमा...


## लागुऔषध सहित ७ पक्राउ

विराटनगर । झापा, मोरङ र सुनसरी जिल्लाको बिभिन्न स्थानहरुबाट लागू औषध ब्राउन सुगर र प्रतिबन्धित औषधी सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

झापाको लागु औषध नियन्त्रण व्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले शुक्रवार कमल गाउँपालिका-३ केर्खाका राजु ढकाललाई ८ ग्राम २३० मिलिग्राम लागुऔषध ब्राउन सुगर सहित,इलाका प्रहरी कार्यालय अनारमनीले पाँचथरको याङबरक-६ का अनिश राई र सुनसरी धरान-१७ की लिला तामाङको साथबाट ३ ग्राम ७०० मिलिग्राम ब्राउन सुगर, प्रतिबन्धित औषधी ९ ट्याब्लेट सहित र बिर्तामोड-४ का फणिन्द्र विश्वकर्माको साथबाट १ ग्राम १२० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

मोरङको इलाका प्रहरी कार्यालय रानी र लागु औषध नियन्त्रण व्यूरो विराटनगरको प्रहरी टोलीले बिराटनगर-१६ स्थितबाट

वांकी अन्तिम पेजमा...



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## भ्रष्टाचारको...

नियमित र निर्वाचन सम्बन्धी आधारभूत खर्चका लागि राज्यबाट सशर्त अनुदान दिने मोडललाई गम्भीर बहसमा ल्याउन आवश्यक छ। धेरै देशमा दललाई सार्वजनिक कोषबाट सहयोग दिने अभ्यास गरिएको छ। यस्तो सहयोग सशर्त, पारदर्शी र लेखापरीक्षणसहित हुने हो भने दलहरू निजी स्रोतमा अत्यधिक निर्भर हुनुपर्ने अवस्था घटाउन सकिन्छ। यसले दललाई आम नागरिकप्रति जवाफदेही बनाउने संरचनागत आधार पनि तयार गर्छ।

पाँचौं, निर्वाचन आयोगको संस्थागत क्षमता उल्लेखनीय रूपमा सुदृढ गर्नुपर्छ। जनशक्ति, प्रविधि, कानुनी अधिकार र अनुसन्धान क्षमता बिना आयोगले कागजी विवरणभन्दा बाहिरको यथार्थ पत्ता लगाउन सक्दैन। आचारसंहिता पालना गराउन नसकिने अवस्था रहेसम्म नयाँ नियम बनाउनुको अर्थ रहँदैन।

तर संरचनागत सुधारसँगै मतदाताको भूमिकालाई पनि बेवास्ता गर्न सकिँदैन। पैसा खर्च गरेर भोट किन्ने र उपहार, भोज तथा व्यक्तिगत लाभको आशामा मतदान गर्ने प्रवृत्तिले पनि यही विकृतिलाई मलजल गरिरहेको छ। मतदाताले आफ्नो ठाउँको समस्या बुझ्ने, स्पष्ट नीति र कार्यक्रम बोकेका, आर्थिक र नैतिक रूपमा जिम्मेवार उम्मेदवारलाई प्राथमिकता नदिएसम्म दल र उम्मेदवार दुवैमा सुधारको दबाब सिर्जना हुन सक्दैन।

दलहरूले पनि जित्न सक्ने उम्मेदवारको नाममा खर्च गर्न सक्नेलाई प्राथमिकता दिने संस्कृतिबाट बाहिर निस्कनुपर्ने समय आएको छ। संगठन निर्माण, नीति निर्माण र जनसरोकारका मुद्दामा आधारित नेतृत्व विकास नगरी केवल आर्थिक स्रोतको भरमा उम्मेदवार छनोट गर्ने अभ्यासले दीर्घकालमा दलहरूकै विश्वसनीयता कमजोर बनाउँदै लैजान्छ।

निर्वाचनमा हुने अपारदर्शी र अत्यधिक खर्चले राज्य संरचनालाई नै भ्रष्ट बनाउँदै लगेको यथार्थ अब लुकाउन सकिने अवस्था छैन। नीति निर्माण, प्रशासनिक निर्णय, विकास बजेटको बाँडफाँड, ठेक्का प्रणाली र नियमन संयन्त्रमा देखिने विकृतिको गहिरो जरो यहीँ गाडिएको छ। निर्वाचनलाई सुधार नगरी सुशासनको सपना देख्नु आत्मवञ्चना मात्र हुन्छ।

लोकतन्त्रको रक्षा केवल मतदानको निरन्तरताबाट हुँदैन। लोकतन्त्रको मर्म निर्वाचनको स्वच्छता, पारदर्शिता र निष्पक्षतामा निर्भर हुन्छ। जब निर्वाचन पैसाको प्रभावबाट मुक्त हुँदैन, तब जनताको मत पनि स्वतन्त्र रहँदैन। त्यसैले भ्रष्टाचार को मुहान रोक्ने हो भने सबैभन्दा पहिला निर्वाचन खर्चको अँध्यारो कोठामा उज्यालो पुऱ्याउनैपर्छ। पारदर्शी खाता, खुला दाता विवरण, कडा लेखापरीक्षण, बलियो आयोग र सचेत मतदाता यी सबैको संयोजन बिना चुनावी सुधार सम्भव छैन। यही सुधारमार्फत मात्र निर्वाचनलाई फेरि जनताको आवाजको वास्तविक माध्यम बनाइनेछ र त्यहीँबाट मात्र राज्य संरचना सुशासनतर्फ उन्मुख हुनेछ। (लेखकः- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक हुनुहुन्छ)

## प्रतिनिधीसभा...

पुराना अनुहारबाट सम्भव नभएकाले यसपटक मोरंग क्षेत्र नं. ५ मा नयाँ अनुहारको उदय हुने यूवाहरुले अनुमान गरेका छन्।

क्षेत्र नं. ५ मा ७ जना स्वतन्त्र सहित २२ जनाले उम्मेदवारी दर्ता गराएका छन्। नेपाल मजदुर किसान पार्टीबाट गंगाकुमारी राजवंशी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट मंगल ऋषिदेव, राष्ट्रिय प्रजातन्त्र पार्टी कुमोद राय, प्रगतिशील लोकतान्त्रिक पार्टीका राजेन्द्रप्रसाद मण्डल केवट, स्वतन्त्र सूर्य नारायण ठाकुर, जनमत पार्टी परमेश्वर मुर्मु, नेपाल कम्युनिस्ट पार्टी (माओवादी) गंगाप्रसाद गिरी, राष्ट्रिय मुक्ति पार्टी नेपालका नरेशकुमार लाभ, मंगोल नेशनल अर्गनाइजेसनका सकुन्तला श्रेष्ठले उम्मेदवारी दर्ता गराएका छन्।

स्वतन्त्रबाट सुजितकुमार साह, जयनारायण शर्मा, ममता यादव, मोहमद रेजा हुसैन, राजकुमार राजवंशी, अमरकुमार यादव र विकाश श्रेष्ठको उम्मेदवारी परेको छ।




## भण्डा...

मोरङका मुख्य निर्वाचन अधिकृत भीष्म प्रसाइँले आचारसंहिताको प्रभावकारी पालनाका लागि उम्मेदवारहरु समक्ष आग्रह गर्दै मतदानको १७ दिन अघि देखि मात्रै प्रचारप्रसार गर्न पाईने भएकाले फागुन ४ गतेदेखि प्रचारप्रसारका कार्यक्रम गर्न पाईने वताएका थिए।

मुख्य निर्वाचन अधिकृत प्रसाइँले मोरङका १, २ र ३ का उम्मेदवारको अधिकतम खर्च सीमा ३१ लाख र ४, ५ र ६ का उम्मेदवारको २९ लाख रहेको जानकारी गराउँदै उम्मेदवारले अलग्गै बैंक खाता खोली सोही खाताबाट निर्वाचन खर्च गर्ने व्यवस्था गरिएको वताए

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले आमसभा गर्ने स्थान एउटै हुने भएकाले फागुन ४ पछि पूर्व स्वीकृति लिएर मात्रै गर्न आग्रह गर्दै आचारसंहिता उल्लंघनबारे उजुरी आउनेवित्तिकै कारवाही प्रकृया अघि बढाईने वताए

## लागुऔषध...

लेटाङ-५ का मनोज परियारलाई ५ ग्राम ९० मिलिग्राम ब्राउन सुगर सहित र प्रहरी चौकी डागाँबजार बेलबारीले बेलबारी-७ का मनिष मग्रातीलाई प्रतिबन्धित औषधी ६३० ट्याब्लेट सहित पक्रउ गरेको थियो।

त्यसैगरी सुनसरीको धरान-१९ स्थितबाट इलाका प्रहरी कार्यालय धरानले सोही स्थानका सुजन लिम्बुको साथबाट १ ग्राम ४० मिलिग्राम लागु औषध ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो। पक्राउ परेका सबै जनाको सम्बन्धमा थप अनुसन्धान भई रहेको छ।




## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यका कागजात/प्रक्रिया पुरा गरौं,
- नागरिक वडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारीक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौ,
- सकेसम्म अनलाइनबाटै सेवा लिने दिने गरौं,
- जेष्ठ नागरिक, अपाँगता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं.
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचार विरुद्ध उजुरी गरौ,

सार्वजनिक सेवालाई सरल, सहज र पार्दर्शी बनाऔं

नेपाल सरकार, विज्ञापन बोर्ड

## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं।

जाडो तथा चिसोको समयमा,
- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,हृदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन्।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरु बढी प्रभावित हुन सक्छन्।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं।
- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं।
- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं।
- घर तथा कोठा न्यानो बनाऔं।
- नियमित घाम ताप्ने गरौं।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।

वडा अध्यक्ष : अर्जुन गिरी
१० नं. वडा कार्यालय विराटनग महानगरपालिका, मोरंग

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत‌ै फोहोरमैला नफालौं।

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# निर्वाचन आचार संहिता सबैले पालन गरौं

लोकतन्त्रको लागि निर्वाचन मूल आधार हो । जनताको सार्वभौम अधिकार प्रयोग हुने निर्वाचन प्रक्रियाबाट राष्ट्रको भविष्य तय हुन्छ। त्यसैले निर्वाचन स्वतन्त्र, निष्पक्ष र मर्यादित हुनुपर्छ । निर्वाचन निष्पक्ष हुनको लागि निर्वाचन आयोगले वनाएको आचारसंहित पालन गर्नु सवै राजनीतिक दल लगायत सरोकारवालाको साझा दायित्व हो। निर्वाचन आचार संहिता भनेको राजनीतिक दल, उम्मेदवार, सरकार, सञ्चार माध्यम तथा मतदाताले पालना गर्नुपर्ने नियम र नैतिक मापदण्डहरूको संग्रह हो। निर्वाचन प्रक्रियालाई स्वच्छ, समान र विश्वसनीय बनाउने काम आचार संहिताले गर्छ । तर व्यवहारमा आचार संहिताको उल्लङ्घन हुने क्रम बढ्दो देखिनु चिन्ताजनक छ ।

सरकारी स्रोतसाधनको दुरुपयोग, मतदाता प्रभावित पार्ने खालका अभिव्यक्ति, सामाजिक सञ्जालमा भ्रामक प्रचार, पैसाको प्रभाव, आचारहीन भाषाशैली जस्ता गतिविधिले निर्वाचनको मर्यादा कमजोर बनाउँछन्। यस्ता क्रियाकलापले लोकतन्त्रप्रति जनताको विश्वास घटाउने मात्र होइन, राजनीतिक अस्थिरताको बीउ पनि रोप्छन् । राजनीतिक दल र उम्मेदवारले जीतभन्दा पनि मर्यादालाई प्राथमिकता दिनुपर्छ। आचार संहिता पालना गर्नु कमजोरी होइन, राजनीतिक परिपक्वताको परिचायक हो । प्रतिस्पर्धा विचार र कार्यक्रमको हुनुपर्छ, आरोप-प्रत्यारोप कसैले पनि गर्नु हुँदैन ।

निर्वाचन आयोगले आचार संहिता कार्यान्वयनमा कडाइ गर्नुपर्ने आवश्यकता छ भने सञ्चारमाध्यमले पनि निष्पक्ष र जिम्मेवार भूमिका निर्वाह गर्नुपर्छ । त्यस्तै, मतदाताले सचेत भई गलत प्रवृत्तिलाई अस्वीकार गरी असल चरित्र, इमान्दा, विकास प्रेमी, उम्मेदवारलाई आफ्नो अमुल्य मति दिई विजय बनाउनु मतदाताको कर्तव्य हो। लोकतन्त्रलाई बलियो बनाउने हो भने सबैले आ-आफ्नो स्थानबाट निर्वाचन आचार संहिता पालन गरौं। यही नै जिम्मेवार नागरिकता र समुन्नत राष्ट्र निर्माणतर्फको सही कदम हुनेछ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# प्रहरीलाई ब्रिफिङ मात्र दिने कि, स्रोतसाधन पनि दिने ?

**शिवजी श्रेष्ठ**

जेनजी आन्दोलनको दोस्रो दिन देशका मुख्य अंगहरू – राष्ट्रपति कार्यालय, सिंहदरबार, सर्वोच्च अदालत, संसद लगायत भवनहरू ध्वस्त भए । जलाइए, जले ।

त्योभन्दा धेरै देशभरिका प्रहरी कार्यालय तथा ब्यारेकहरू मासिए। हतियार लुटिए। ड्युटीमा रहेका ३ जना प्रहरी कुटीकुटी मारिए। दुई हजारभन्दा बढी प्रहरी घाइते भए ।

त्यो देखेर लाग्यो – समाज प्रहरीदेखि वाक्कदिक्क छ। बेथितिको कारण नै प्रहरी हो। अब देशलाई प्रहरी नै चाहिँदैन कि !

जेनजी आन्दोलन क्रममा उपत्यकाको कमान्डमा रहेर एकदम नजिकबाट सो दर्दनाक क्षण देखे-भोगेका वर्तमान प्रहरी प्रमुख आइजिपी दानबहादुर कार्कीले लेखेको 'आमा, म त फर्केर आएँ, खरानीबाट उठेर आएँ' भन्ने गीतले त्यो बेलाको पीडा अहिले अनुभूति गराएको छ ।

त्यति बेला लागेको थियो – अब प्रहरी सजिलै उठ्न सक्ने छैन । खरानी बनेर जलेका भवन त बन्लान् वा बनाइएलान्, तर खरानी अवस्थामा पुगेको प्रहरी मनोबल के होला ? भवन जस्तै प्रहरीको मनोबल उठ्ला ?

आन्दोलनको भोलिपल्टैदेखि समाज र जनताले प्रहरीको आवश्यकता र अभाव महसुस गरे। प्रहरीको भूमिकाको खोजी गरे । प्रहरी भवनहरू समुदाय हरूले मिलेर बनाउन थाले ।

एक हप्तापछि यस्तो देखिन थाल्यो-यहाँ त केही भएकै थिएन !

आन्दोलनबाट उठ्दै गरेको यही प्रहरीको सुरक्षा व्यवस्थामा, जेनजी आन्दोलनकै जगमा बनेको सरकारले फागुन २१ गते निर्वाचन गराउँदैछ ।

सामान्य बेलामा पनि निर्वाचनमा सुरक्षा चुनौती हुन्थ्यो, हुन्छ। अहिलेको परिस्थितिमा झनै धेरै चुनौतीपूर्ण छ ।

सरकार वा सरोकारवालाले सोच्नु र सोध्नुपर्ने कुरा के भने – अहिले मनोबललाई एकातिर राखे पनि, के प्रहरीसँग अत्यावश्यक सुरक्षा सामग्री छ ?

उसै पनि प्रहरीले अड्कोपड्को तेलको धूप भन्ने अवस्थामा भएका सामग्रीबाट काम चलाइरहेका थिए ।

तीन दशकअघिको माओवादी युद्धमा आक्रमण प्रहरी केन्द्रित थियो । एक दशक चलेको सो युद्धले प्रहरीका भौतिक साधन जले, ध्वस्त पारिए, लुटिए । माओवादी शान्ति प्रक्रियामा आएपछि बिस्तारै प्रहरीले आफूलाई सुरक्षा सामग्री र भौतिक साधनबाट सुसज्जित गर्दै थियो। तर एक दिनको जेनजी आन्दोलनले त्योभन्दा बढी तहसनहस पारेको छ ।

यी घटनाअघि पनि प्रहरीसँग स्रोतसाधनको अवस्था राम्रो थिएन ।

म नेपाल प्रहरीमा हुँदाको एउटा प्रसंग सम्झिन्छु ।

२०५१ सालमा नेपाली कांग्रेसको सरकार आफ्नै पार्टीभित्रको किचलोले गर्दा संसद विघटन गर्दै मध्यावधि निर्वाचनमा धकेलिएको थियो। गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले कात्तिक २९ गते निर्वाचन मिति तोकेको थियो । यसै सिलसिलामा म मोरङको क्षेत्र नम्बर ७ को सुरक्षा कमान्डरका रूपमा खटिएको थिएँ ।

मोरङ-७ मा विराटनगरको मुख्य बजार क्षेत्र, नेपाल-भारत खुला सीमा क्षेत्रसहितका संवेदनशील ठाउँ पर्थ्यो ।

उम्मेदवारहरू पनि 'हेभिवेट' थिए – कांग्रेसबाट शैलजा आचार्य, राप्रपाबाट पञ्चायत कालदेखिका राजनीतिक हस्ती बद्रीप्रसाद मण्डल, कांग्रेसकै विद्रोही नेता उमेश गिरी लगायत ।

बृहत् र संवेदनशील क्षेत्रमा न पर्याप्त संख्यामा प्रहरी थिए, न स्रोतसाधन ।

अरू त अरू, सवारी साधन का नाममा सिडिओ कार्यालयले तत्कालीन दुरसञ्चार संस्थानबाट प्रहरीका लागि भनेर मागेर पठाएको थोत्रो गाडी थियो। थोत्रो यस कारण कि, अगाडिको ढोकाको लक बिग्रिएर काठको सानो सिन्काको छेस्किनी बनाइएको थियो। अनि गाडी बेलाबखत प्रहरी आफैले धकेल्दै स्टार्ट गरेर चढ्नुपर्थ्यो ।

सञ्चारको हकमा बेस-सेट बाहेक एउटा ह्यान्ड-सेट थियो, त्यो पनि दुरदराजमा टिप्थेन ।

चुनाव प्रचार गर्न पाउने अन्तिम दिन (कात्तिक २६) दिउँसो म नेपाल-भारत सीमानाका निरीक्षण गरेर फर्किंदै थिएँ ।

हस्याङ फस्याङ एक प्रहरी जवान मलाई खोज्दै आइपुगे र भन्न थाले, 'सर, हजुरलाई जिल्लाको डिएसपी साहेबले अघिदेखि कल गरेर खोजि रहनुभएको छ, अर्जेन्ट छ रे, एक पटक कल गर्नु रे !'

मैले हतार हतार डिएसपी ज्ञानुराजा कुँवरलाई कल गरेँ। उहाँले जरूरी परेको तर अघिदेखि प्रयास गर्दा किन सम्पर्क हुन सकेन भन्नुभयो ।

मैले सीमा क्षेत्रमा भएर होला भनेँ ।

अनि उहाँले एकै सासमा भन्नुभयो, 'प्रधानमन्त्री तपाईंको क्षेत्रमा पर्ने मझारे भन्ने ठाउँमा हेलिकप्टरबाट आउँदै हुनुहुन्छ अबको ४५ मिनेटमा । तुरून्तै पुगेर सुरक्षा व्यवस्था मिलाउनुस् ।'

कस्तो सकस -म छु त्यहाँभन्दा धेरै टाढा भारतीय सीमा नजिक प्रहरीको गणमा, पुग्नुछ अर्को छेउको मझारे ।

मैले आफ्नो टोलीलाई गाडी मा चढ्न भनेँ र चालकलाई सोधेँ, '४५ मिनेटमा पुग्न सकिन्छ ?'

उनले 'असम्भव सर' भन्दै गाडी स्टार्ट गरे ।

थोत्रो गाडी । गाडीमा प्रहरी भनेर चिनिने कुनै संकेत थिएन। त्यसमाथि त्यो बेलाको अस्तव्यस्त सडक ।

चालकले पनि आपतको अवस्था बुझेनन्। जोखिम लिन पनि नमानेझैं देखिए। त्यसपछि मैले मान्छे र गाईवस्तु जोगाउनू, बाँकी म बेहोरूँला भनेर ढाडस दिएँ । उनले इमर्जेन्सी जनाउन हेडलाइट बालेर गाडी हुइँक्याए ।

बाटोमा उनले भने, 'सर, अब चाहिँ समयमै पुगिन्छ होला ।'

गाउँको कच्ची बाटोमा गुडिरहँदा एक व्यक्तिले इशारा गरेर गाडी रोक्न भने। गाडी अलि पर पुगिसकेको थियो । केही सूचना दिन वा आपत परेर प्रहरीलाई बोलाएको होला भनेर गाडी 'ब्याक' गर्न लगाएँ । गाडी रोकेको देखेर ती व्यक्ति पनि दौडिँदै आए ।

नजिकै पुगेपछि ती व्यक्तिले भने, 'आपका हेडलाइट जल रहा है !' ( गाडीको हेडलाइट बलिरहेको छ ।)

न हाँस्नु, न उसलाई कराउनु ।

हामी फेरि उही रफ्तारमा अगाडि बढ्यौं ।

जे होस्, हामी पुगेर हेलिप्याडको तयारी गर्दागर्दै प्रधानमन्त्रीको हेलिकप्टर देखियो। कुनै विपत्ति नभई सबै व्यवस्थापन भयो ।

प्रधानमन्त्रीको हेलिकप्टर उडेपछि सन्तोष भावमा हामी फर्किंदै थियौं। बाटोमा भारतीय नम्बर प्लेटका १०-१२ वटा गाडी लहरै रोकिएका थिए ।

मैले ती गाडीका चालकलाई सोधेँ, 'के भन्सार चलानी काटेको अधकट्टी छ ?'

नेपाली नबुझ्ने ती चालक सबै भारतीय रहेछन् । हिन्दीमा 'ये बद्री (बद्रीप्रसाद मण्डल) बाबुका गाडी है' भने ।

सोधखोज गर्दै गर्दा नजिकै गाउँमा चुनाव प्रचार गर्दै गरेका मण्डलले मलाई बोलाउन पठाए। मैले उनलाई यतै आउनू भनेँ ।

म चालकहरूलाई भन्सार कागज छैन भने गाडी प्रहरीकहाँ लैजान्छु भन्दै थिएँ, मण्डल आइपुगे ।

उनले मलाई सोधे, 'के भो इन्स्पेक्टर साहेब ?'

मैले भन्सारको कागजको कुरा उठाएँ ।

उनले उल्टै मलाई माथि आकाशतिर इशारा गर्दै सोधे, 'त्यो प्रधानमन्त्री गिरिजाप्रसादको हेलिकप्टरको कागज चेक गरेको हो? जानुस्, त्यो चेक गर्नुस् ।'

वांकी ५ पेजमा...


## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल
बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा
जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी
पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. २ मा रहेका मन्दिरको परिचय

श्याम सुन्दर सुतिहार

**१४ आनन्द मन्दिर खैरबना**



धनपालथान गाउँपालिका वडा नं.२ खैरबना टोलको लक्ष्मी मार्ग बाटोको पूर्वपट्टि दक्षिण मुख पगरेको आनन्द मन्दिर रहेको छ ।

क्षीरसागरमा शेषनागमाथि सुतेको अवस्थामा विष्णु आनन्दको अवस्थामा धन र समृद्धिकी देवी, लक्ष्मी विष्णुको चरणमा बसिरहेको अवस्थाको रूपलाई ‘आनन्द’ भगवनाको रूप मानिन्छ ।

पति र ससुराको पालादेखि वर्षमा एक पटक असोजमा अनन्त चतुर्दशीकोदिन अनन्त पूजा गरी मेला लगाउँदै आएको ८८ वर्षिय गंगादेवी सुतिहारले बताइन् ।

अनन्त पूजा खैरबनामा सुरुभएको समय यकिन गरी भन्न सकिएन ।"मैले देखे अनुसार पहिले बाँसर कर्चीको टाटीमाथि छाना हाली माटोको मूर्ति वनाई पूजापाठ सुरु गरिएको थियो । दश वर्षयता स्थानीय तहको र गाउँबासीको सहयोगले पक्की मन्दिर निर्माण गरी सिमेन्टको भगवान विष्णुको अनन्त स्वरूपकोमूर्ति बनाई पूजापाठ गर्दै आएको स्थानीय ७० वर्षिय फागु मण्डल दासले बताइन् ।

मन्दिरमा साप्ताहिक रूपमा पूजापाठ, भजन किर्तन गर्नुका साथै दैनिक स्थानीयहरुले धुप अगरबत्ती, फुलफूलले पूजा गर्दै आएका छन् । आनन्द मन्दिर करिबपाँच धूर सरकारी जग्गामा रहेको छ ।

**१५. संतमत सत्संग मन्दिर खैरबना पैटा**



धनपालथान गाउँपालिका वडा नं. २ को खैरबोना र पैटा टोलका बीचमा लक्ष्मीमार्गको उत्तरपट्टि पूर्व मुख फर्केको संतमत सत्संग मन्दिर रहेको छ ।

उक्त मन्दिर स्थानीय धनेश्वर मण्डल (दास)ले तीन कट्ठा र खेतीयोग्य जग्गा चार कट्ठा जग्गा दान दिएपछि वि.सं. २०७३ मा स्थापना भएको थियो । स्थापना कालमा बासवत्तीको टाटी माथिटिनको छाना भएको मन्दिर निर्माण गरेको जग्गादाता मण्डलले बताए ।

त्यसपछि प्रदेश सांसद ज्ञानेश्वर राजवंशीले पटकपटक गरी १५ लाख रूपैयाँ र गाउँबासीको सहयोगले अहिले मन्दिरको पक्की भवन निर्माणाधीन अवस्थामा रहेको छ । मन्दिरमा साप्ताहिक रूपमा प्रत्येक शुक्रबार साधुसन्तहरुले सतसंग गर्ने गरेको छन् भने असारढको गुरुपूर्णिमा स्थापना दिवस मनाउनुका साथै दशैंमा नौ दिनसम्म सतसंग गरी अन्तिम दिन भण्डारा गर्ने चलन छ । मन्दिरमा जग्गादाता आफै बसिरहेको छ ।

**१६. दिना भद्री मन्दिर धरमपुर**



धनपालथान गाउँपालिकाको वडा नं. २ को धरमपुर टोलदेखि अमाही जाने बाटोको उत्तरपट्टि दिना भद्री मन्दिर निर्माणाधीन अवस्थामा रहेको छ ।

बाबुबाजेको पालादेखि दिना भद्रीको पुजापाठ गर्दै आएका रामप्रसाद ऋषिदेवले निरन्तरता दिदै आएको बताए । यो स्थानमा करिब ३० वर्ष पहिले ऋषिदेव समुदायका मानिसहरु मिलेर बाँस, कर्ची, पराल लिएर दिना भद्रीको मन्दिर बनाई पुजाको सुरुवात गरेको उनले स्मरण गरे ।

उनका अनुसार पहिले बाटोदेखि दक्षिण मन्दिर बनाएर पुजा गर्दै आएकोमा १० वर्षदेखि बाटोको उत्तरतिर पुजापाठ गरिँदै छ । एक वर्ष पहिले गाउँपालिकाको केही र गाउँवासीको केही सहयोग जुटाएर पक्की मन्दिर निर्माण भएको छ ।

मन्दिरमा प्रत्येक वर्ष असार महिनामा अखडीया पर्व धुमधामका साथ मनाउने गरिन्छ ।मन्दिर निर्माण भइसकेपछि दिना भद्री दाजुभाइ, उनका बुवाआमा कालु-निर्सो, स्वास्नी रुधनी बुधनीको मूर्ति राखिन्छ ।

प्रत्येक वर्ष मन्दिरमा लिलादेवी ऋषिदेवले र थानमा भुमादेवी ऋषिदेवले पुजापाठ गर्दै आएका छन् ।यस मन्दिरमा पनि मन्दिरमा भाकल गरेमा पूरा हुने जनविश्वास रहेको छ ।

# कोशीका विभिन्न जिल्लाबाट लागुऔषध सहित १५ पक्राउ

कोशी प्रदेशको विभिन्न जिल्लाबाट लागुऔषध सहित १५ जना पक्राउ

विराटनगर । कोशी प्रदेशको विभिन्न जिल्लाबाट लागुऔषध सहित प्रहरीले १५ जनालाई पक्राउ गरेका छन् ।

प्रहरीको विवरण अनुसार माघ १५ गते इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक नगर पालिका-३ भुटानी शरणार्थी शिविरका २८ वर्षीय अरुष दासको साथबाट १ ग्राम २७० मिलिग्राम लागु औषध ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो ।

मोरङको इलाका प्रहरी कार्यालय रानी र लागु औषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले बिराटनगर-१५ स्थितबाट दमक-४ का एलिस कार्कीको साथबाट ९ ग्राम ३५० मिलिग्राम लागु औषध ब्राउन सुगर फेलपारी नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी धनकुटाको प्रहरी चौकी ओखेबाट खटिएको प्रहरी टोलीले साँगुरिगढी-५ स्थितमा को २२ प १०३९ नम्बरको मोटरसाईकललाई संका लागी चेकजाँच गर्दा बोरामा १२ किलोग्राम लागु औषध गाँजा फेला पारी नियन्त्रणमा लिएको थियो ।

सोही दिन भोजपुरको प्रहरी चौकी हसनपुरबाट गस्तिमा खटिएको प्रहरी टोलीले मचुवादेखि धनकुटाको अखुवाटार तर्फ लैजादै गरेको ना ७ त ३५० नम्बरको ट्याक्टरलाई चेकजाँच गर्दा डाला भित्र ४३ वटा बोरामा राखेको ८२६ किलो ६६० ग्राम लागु औषध गाँजा बरामद गरेको थियो ।

लागुऔषध बरामद संगै आमचोक-९ का रुद्र बहादुर श्रेष्ठ , निशान मगर, नीर बहादुर श्रेष्ठ, धनकुटाको सहिदभूमि-२ का सुदिप पुर्कुटी, निल कुमार मगर, किशोर बिसुन्के, बिर्ख बहादुर बिसुन्के ,दिप कुमार बिसुन्के र ताप्लेजुङको मिरिङ्डेन-६ का लाक्पा शेर्पालाई पक्राउ गरेको थियो ।

त्यसैगरी माघ १३ गते झापाको बिर्तामोड नगर पालिका-२ स्थितमा लागू औषध बेचबिखन भईरहेको भन्ने बिशेष सुचनाको आधारमा लागू औषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले बाह्रदशी गाउँपालिका-६ घर भई हाल सोही स्थानमा डेरा बस्ने दिपक कार्कीको कोठा भित्रबाट १ ग्राम ७०० मिलिग्राम ब्राउन सुगर फेला पारी बेचबिखनमा संलग्न मन कुमार राजबंशी समेतलाई मे.१ ह.५५६२ नम्बरको अटो सहित नियन्त्रणमा लिएको थियो । त्यस्तै सुनसरीको धरान-८ बाट अस्थायी प्रहरी चौकी तिनकुनेले इटहरी-५ की सोनिका तामाङको साथबाट ३७० मिलिग्राम ब्राउन सुगर फेला पारेसंगै कारोबारमा संलग्न इटहरी-९ की इशा पौडेल समेतलाई नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका १५ जना उपर थप अनुसन्धान भई रहेको सम्वन्धित प्रहरी कार्यालयले जनाएको छ ।

NO SMOKING

## नगरवासीहरूको लागि जनहितमा जारी सूचना

- वडा तथा गाउँपालिकामा बुझाउनु पर्ने सबै प्रकाका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं ।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ ।
- बिबाह दर्ता ,जन्म दर्ता,मूत्यु दर्ता, बसाइँसराइ दर्ता लगायतका पञ्जिकरण गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।

जहदा गाउँपालिका
सुनसरी, कोशी प्रदेश

# भ्रष्टाचारको मुहान
# निर्वाचन खर्च : पैसाले कब्जा गरेको लोकतन्त्र



लेखक : रमेश कुमार बोहोरा

भ्रष्टाचारको मुहान कहाँबाट बग्छ भन्ने प्रश्नमा धेरैले ठेक्का, कर छली, प्रशासनिक मिलेमतो वा नीतिगत चलखेललाई औंल्याउने गर्छन् । तर राज्य संरचनाभित्र मौलाउँदै गएको भ्रष्टाचारको पहिलो ढोका भने प्रायः अदृश्य तर शक्तिशाली ढंगले निर्वाचनबाटै खुल्ने गरेको यथार्थलाई अब बेवास्ता गर्न सकिने अवस्था छैन । लोकतन्त्रको मूल आधार मानिने निर्वाचन जब पैसाको प्रतिस्पर्धामा सीमित हुन पुग्छ, त्यही क्षणदेखि शासन प्रणालीको नैतिक धरातल कमजोर बन्छ र सार्वजनिक हितभन्दा निजी लगानीको प्रतिफल खोज्ने राजनीति संस्थागत हुँदै जान्छ ।

निर्वाचन आयोगले उम्मेदवारले अधिकतम कति खर्च गर्न पाउने भनेर हरेक निर्वाचनअघि सीमा तोक्दै आएको छ । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन क्षेत्रको प्रकृति हेरी २२ लाखदेखि ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको छ । कानुनी रूपमा हेर्दा यो सीमा निर्वाचनलाई मर्यादित, निष्पक्ष र समान प्रतिस्पर्धायुक्त बनाउने उद्देश्यसहित तय गरिएको हो । तर व्यवहारमा यो सीमा केवल कागजमा सीमित भएको यथार्थ सर्वविदित छ । निर्वाचन क्षेत्रको वास्तविक अभ्यास हेर्दा प्रचार सामग्री, यातायात, कार्यकर्ता परिचालन, भोजन-आवास, सभा व्यवस्थापन, सामाजिक सञ्जाल प्रचारदेखि मतदाता व्यवस्थापन सम्मका खर्चलाई जोड्दा कानुनी सीमाभित्र निर्वाचन सञ्चालन सम्भव छैन भन्ने कुरा उम्मेदवारहरू आफैं स्वीकार गर्छन् । कतिपय उम्मेदवारको भनाइमा त टिकट प्राप्त गरेर निर्वाचन क्षेत्रसम्म पुग्दासम्म नै आयोगले तोकेको खर्च सीमा नाघिसकेको हुन्छ ।

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा विजेता उम्मेदवारको औसत खर्च करिब २ करोड १३ लाख रुपैयाँ र उपविजेता उम्मेदवारको औसत खर्च १ करोड ४९ लाख रुपैयाँ रहेको अध्ययनहरूले देखाइसकेका छन् । यो तथ्य आफैंमा आयोगले तोकेको खर्च सीमासँग ठोक्किने मात्र होइन, निर्वाचन प्रणालीभित्र गहिरोसँग जरा गाडेर बसेको अपारदर्शी खर्च संस्कृतिको स्पष्ट प्रमाण हो । अझ चिन्ताजनक पक्ष त के छ भने कतिपय उम्मेदवारहरूले आफैं सार्वजनिक रूपमा आफूले करोडौं रुपैयाँ खर्च गरेको स्वीकार गरेका छन्, तर निर्वाचन आयोगमा बुझाएको विवरणमा भने केही लाख रुपैयाँ मात्र खर्च भएको उल्लेख गरिएको पाइन्छ । राजनीतिक दलका जिम्मेवार नेताबाटै यस्तो स्वीकारोक्ति आउनु निर्वाचन प्रणालीमाथि गम्भीर प्रश्न हो । यसले न केवल खर्च सीमा उल्लंघन भएको देखाउँछ, राज्यका नियामक संस्थाहरूको कार्यक्षमता माथि पनि प्रश्न उठाउँछ ।

राज्य सञ्चालनका लागि जनताले योग्यहरूमध्येबाट योग्यतम प्रतिनिधि छान्ने अवसर नै निर्वाचन हो । लोकतन्त्रमा यो नियमित प्रक्रिया मात्र होइन, सार्वजनिक इच्छाशक्तिको वैधानिक अभिव्यक्ति पनि हो । मतदाताले उम्मेदवारको विचार, सिद्धान्त, कार्यक्रम, विगतको योगदान, सामाजिक सम्बन्ध, व्यवहारिक क्षमता र नैतिक धरातललाई मूल्याङ्कन गरेर निर्णय गर्ने अपेक्षा गरिन्छ । तर व्यवहारिक यथार्थमा ती सबै पक्षलाई ओझेलमा पार्दै पैसा निर्णायक कारक बन्न थालेपछि निर्वाचनको चरित्र नै बदलिएको छ । विचार, नीति र कार्यक्रमभन्दा प्रचारको आड, भीड व्यवस्थापन र खर्चिलो प्रदर्शनले मतदाताको ध्यान तान्ने अवस्था हावी हुँदै गएको छ ।

निर्वाचनमा बढी खर्च गर्ने उम्मेदवारको जित्ने सम्भावना पनि बढी हुने गरेको तथ्य विभिन्न अध्ययनले देखाइसकेका छन् । यसले निर्वाचनलाई स्वाभाविक प्रतिस्पर्धाबाट हटाएर आर्थिक क्षमताको प्रतिस्पर्धामा परिणत गरेको छ । यस्तो अवस्थामा जनताको समस्या बुझ्ने, समाजसँग गहिरो सम्बन्ध बनाएका, वैचारिक रूपमा स्पष्ट र इमानदार राजनीतिज्ञहरू स्वतः कमजोर स्थितिमा पर्छन् । उनीहरूसँग न त ठूलो आर्थिक स्रोत हुन्छ, न त ठूला लगानीकर्ताको पहुँच । परिणाम स्वरूप टिकट वितरणदेखि अन्तिम मतपरिणाम सम्म पैसाले निर्णायक भूमिका खेल्ने संरचना मजबुत हुँदै जान्छ ।

जब उम्मेदवारले निर्वाचन जित्नका लागि करोडौं रुपैयाँ खर्च गर्छ, त्यसपछि निर्वाचित भएपछि उसमाथि दुई किसिमको दबाब स्वतः निर्माण हुन्छ । पहिलो, खर्च गरिएको रकम फिर्ता उठाउने बाध्यता । दोस्रो, आगामी निर्वाचनका लागि अझ ठूलो आर्थिक स्रोत तयार गर्ने आवश्यकता । यसरी जनताको प्रतिनिधि भएर संसद वा सरकारमा पुगेका व्यक्ति नीति निर्माणमा जनताको आवाज बोकेर उभिनुभन्दा लगानीकर्ताको अपेक्षा पूरा गर्ने दबाबमा पर्छन् । यहींबाट राज्य संयन्त्र क्रमशः जनमुखी नभई लगानीमुखी बन्दै जान्छ ।

निर्वाचन खर्चको सबैभन्दा गम्भीर पक्ष भनेको यसको स्रोत हो । उम्मेदवारले खर्च गरेको रकम कहाँबाट आयो भन्ने प्रश्न प्रायः अनुत्तरित रहन्छ । कानुनले खर्च विवरण बुझाउनुपर्ने व्यवस्था गरे पनि त्यसमा स्रोतको यथार्थ खुलासा हुने प्रणाली प्रभावकारी रूपमा लागू हुन सकेको छैन । अध्ययनहरूले देखाएका छन् कि निर्वाचनमा प्रयोग हुने ठूलो रकम लुकाइएको सम्पत्ति, अनौपचारिक अर्थतन्त्रबाट आएको पैसा, उद्योग-व्यवसायीको लगानी र अपारदर्शी चन्दाबाट आउने गर्छ । यो पैसा सामान्य सहयोगको रूपमा मात्र आउने होइन, भविष्यको नीतिगत लाभको अपेक्षासहित आउने लगानी हो ।

जब उद्योगी वा व्यवसायीले करोडौं रुपैयाँ खर्च गरेर उम्मेदवारलाई जिताउँछन्, त्यो सहयोग दान होइन, प्रभाव खरिद हो । यस्तो लगानीको प्रतिफल नीति निर्माणमा कर छुट, ठेक्का, अनुमति प्रक्रिया, आयात-निर्यात व्यवस्था, नियमनको ढिलाइ, कानुनी कमजोरीको फाइदा वा प्रशासनिक पहुँच मार्फत खोजिन्छ । परिणामतः सार्वजनिक नीतिहरू जनताको हितभन्दा सीमित समूहको फाइदा तर्फ मोडिन थाल्छन् । यही प्रक्रिया निरन्तर दोहोरिँदा भ्रष्टाचार केवल व्यक्तिगत आचरणको समस्या नभई संरचनागत रोगमा रूपान्तरण हुन्छ ।

निर्वाचनमा अपारदर्शी खर्चको प्रभाव केवल आर्थिक पक्षमा सीमित रहँदैन । यसले राजनीतिक संस्कृतिमा पनि गहिरो असर पार्छ । टिकट वितरणदेखि दलको आन्तरिक निर्णय प्रक्रियासम्म पैसाको प्रभाव बढ्दै जान्छ । दलभित्र लामो समयदेखि संगठन निर्माणमा खटिएका, वैचारिक प्रशिक्षण लिएका र सामाजिक आन्दोलनबाट आएका कार्यकर्ताहरू भन्दा पनि खर्च गर्न सक्ने र स्रोत जुटाउन सक्ने व्यक्ति उम्मेदवार बन्ने सम्भावना बढ्छ । यसले राजनीतिक दलहरूलाई क्रमशः वैचारिक संस्थाबाट चुनाव जित्ने मेसिनमा रूपान्तरण गरिरहेको छ ।

निर्वाचन आचारसंहिता उल्लंघन सामान्य अभ्यासझैं बन्दै गएको छ । तर उल्लंघनपछि हुने कारबाही अत्यन्त कमजोर छ । आयोगमा बुझाइने खर्च विवरण प्रायः औपचारिकता मात्र बन्न पुगेको छ । वास्तविक खर्च र बुझाइएको विवरणबीचको ठूलो अन्तर आयोगले छानबिन गर्ने संयन्त्र कमजोर हुँदा सजिलै लुकाइन्छ । जब निर्वाचन नै ढाँट र कानुन उल्लंघनको आधारमा जितिन्छ, त्यस्तो प्रतिनिधिबाट राजनीतिक नैतिकताको अपेक्षा गर्नु स्वयं विडम्बना हुन्छ ।

अझ गम्भीर समस्या के छ भने, निर्वाचनमा खर्च हुने रकमको परिमाण र स्रोत सार्वजनिक नहुँदा मतदाताले उम्मेदवारको वास्तविक हैसियत बुझ्नै पाउँदैनन् । उम्मेदवार कुन आर्थिक समूहसँग नजिक छ, उसलाई कसले आर्थिक रूपमा सहयोग गरेको छ, भविष्यमा उसको प्राथमिकता कता केन्द्रित हुन सक्छ भन्ने जानकारी मतदाताको पहुँचभन्दा बाहिर रहन्छ । लोकतन्त्रमा मतदाताको सूचित निर्णय अत्यन्त महत्वपूर्ण मानिन्छ । तर खर्च र स्रोत अपारदर्शी रहँदा मतदाता अन्धकारमै मतदान गर्न बाध्य हुन्छ ।

यसले प्रत्यक्ष रूपमा विचार र सिद्धान्तको राजनीतिलाई कमजोर बनाउँछ । राजनीतिक बहस नीति, कार्यक्रम र वैचारिक दिशाभन्दा प्रचार रणनीति र भीड व्यवस्थापनमा सीमित हुन थाल्छ । जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, उद्योग, संघीयता, सुशासन र आर्थिक सुधारका विषयहरू प्रचारको कोलाहलमा हराउँछन् । निर्वाचनले लोकतन्त्रको औपचारिकता पूरा गरे पनि जनप्रतिनिधित्वको मर्म कमजोर बन्छ ।

यस्तो अवस्थाको निरन्तरताले समाजमा राजनीति प्रतिको विश्वास पनि घट्दै गएको देखिन्छ । आम नागरिकले राजनीति सुधारको माध्यम हो भन्ने विश्वास गुमाउँदै जाँदा निराशा, उदासीनता र वैकल्पिक व्यवस्थाप्रतिको मोह बढ्ने जोखिम पनि सँगसँगै बढ्छ । लोकतन्त्र सुदृढ हुन जनताको विश्वास अत्यावश्यक आधार हो । तर निर्वाचन नै अविश्वासको कारखाना बन्दै जाँदा त्यो आधार कमजोर बन्छ ।

निर्वाचन खर्च नियन्त्रणका नाममा कानुनी सीमा तोक्नु मात्र पर्याप्त छैन । मुख्य चुनौती कार्यान्वयन र निगरानी हो । खर्च वास्तविक रूपमा कति भयो भन्ने पत्ता लगाउने सक्षम प्रणाली नहुँदासम्म खर्च सीमा केवल घोषणामै सीमित हुन्छ । आजको डिजिटल युगमा पनि निर्वाचन खर्चको अनुगमन पुरानै शैलीमा भर परिरहेको छ । नगद कारोबार व्यापक रूपमा प्रयोग हुने, तेस्रो पक्षमार्फत प्रचार खर्च हुने र अनौपचारिक संरचनाबाट स्रोत परिचालन हुने अवस्थालाई नियन्त्रण गर्ने प्रविधि र कानुनी संरचना विकास हुन सकेको छैन ।

निर्वाचनलाई कम खर्चिलो, पारदर्शी र एजेन्डा केन्द्रित बनाउने हो भने नीतिगत रूपमा केही आधारभूत सुधार अपरिहार्य देखिन्छ । पहिलो, उम्मेदवार र दलका लागि निर्वाचन प्रयोजनको छुट्टै बैंक खाता अनिवार्य गर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्छ । सबै चन्दा, सहयोग र आर्थिक सहायता सोही खातामार्फत मात्र लिन र खर्च गर्न पाउने व्यवस्था हुनुपर्छ । नगद कारोबारलाई अत्यन्त सीमित वा निषेध गर्ने नीति लागू गर्न सकिन्छ ।

दोस्रो, प्रत्येक दाताको विवरण अनिवार्य रूपमा सार्वजनिक गर्ने कानुनी प्रावधान प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्छ । दाताको नाम, रकम र मिति सार्वजनिक हुँदा मतदाताले पनि उम्मेदवारको सम्भावित हितसम्बन्ध बुझ्न सक्छन् । यसले उद्योगी, व्यवसायी र शक्तिशाली समूहलाई गोप्य रूपमा पैसा खन्याउने संस्कारलाई निरुत्साहित गर्छ ।

तेस्रो, खर्च विवरण बुझाउने मात्र होइन, त्यसको स्वतन्त्र र प्रविधिमैत्री लेखापरीक्षण अनिवार्य गरिनुपर्छ । निर्वाचन आयोगसँग मात्र होइन, आवश्यक परेमा स्वतन्त्र लेखापरीक्षण निकायसँग सहकार्य गरी खर्चको सत्यता परीक्षण गर्ने व्यवस्था गर्न सकिन्छ । गलत विवरण बुझाएको प्रमाणित भएमा उम्मेदवारको पद स्वतः खारेज हुने व्यवस्था जस्ता कडा प्रावधान बिना प्रणाली सुधार असम्भव देखिन्छ ।

चौथो, राजनीतिक दलको

वांकी अन्तिम पेजमा...

## पान एक बारहमासी औषधी



पान एक बारहमासी औषधीय बेल है, जिसे न केवल इसके स्वास्थ्य लाभ के लिए, बल्कि इसके धार्मिक और सांस्कृतिक महत्व के कारण भी भारतीय घरों में विशेष स्थान प्राप्त है । इसके दिल के आकार वाले पत्तों में एंटीसेप्टिक, एंटी-फंगल और एंटी-इंफ्लेमेटरी गुण पाए जाते हैं । ये गुण न केवल सांस संबंधी समस्याओं को कम करने में मदद करते हैं, बल्कि जोड़ों के दर्द में राहत देने और शरीर को डिटॉक्स करने में भी सहायक होते हैं । साथ ही, पान का इस्तेमाल पूजा-अर्चना और शुभ अवसरों में भी किया जाता है ।

- पान की बेल लगाने का तरीका

पान की बेल को लगाने से पहले मिट्टी तैयार करना बहुत जरूरी है । इसके लिए ५०% बगीचे की मिट्टी, ३०% गोबर की खाद या वर्मीकम्पोस्ट, और २०% रेत मिलाकर एक उपयुक्त मिश्रण तैयार करें ।

पान की बेल कटिंग या तैयार पौधे से लगाया जा सकता है । यदि आप कटिंग का उपयोग कर रहे हैं, तो कटिंग में ४-५ गांठें होना आवश्यक है । कटिंग को मिट्टी में लगभग २-३ इंच गहराई तक लगाएं। इसके बाद पौधे को छायादार जगह पर रखें और प्रतिदिन हल्का पानी दें । पान का पौधा लगाने के लिए वसंत और बरसात का मौसम सबसे उपयुक्त माना जाता है, क्योंकि इस समय मिट्टी में नमी और गर्मी का संतुलन पौधे की तेज़ वृद्धि में मदद करता है ।

**पान के पौधे की सही देखभाल के उपाय**

- धूप और स्थान : पान की बेल को हमेशा अप्रत्यक्ष धूप में रखें। सीधी धूप से बचाएँ, ताकि पत्ते झुलसे न ।

- पानी और मिट्टी : मिट्टी में हल्की नमी बनाए रखें। ओवर-वॉटरिंग से बचें, क्योंकि ज्यादा पानी से जड़ सड़ सकती है ।

- सहारा : बेल की लताओं को सहारा देने के लिए लकड़ी की छड़ी या जाली लगाएँ ।

- पत्तियों की देखभाल : हर १५ दिन में पत्तियों पर पानी का छिड़काव करें, इससे पत्तियाँ हरी और चमकदार बनी रहेंगी ।

- खाद और गुड़ाई :-

हर महीने गोबर खाद या वर्मीकम्पोस्ट डालें और समय-समय पर मिट्टी की हल्की गुड़ाई करें ।

- कीट नियंत्रण : कीटों से बचाने के लिए महीने में एक बार नीम की खली का घोल दें ।

- सर्दियों में सुरक्षा : सर्दियों में पौधे को घर के अंदर रखें ताकि ठंडी हवा से नुकसान न हो ।

- गमला बदलना और रूनिंग : हर २-३ साल में गमला बदलें और बेल को घना रखने के लिए हल्की रूनिंग करें ।

- अगर यह जानकारी उपयोगी लगी हो, तो पोस्ट को लाइक करें और हमारे फेसबुक पेज को फॉलो करें ताकि आप रोजाना ऐसे ही उपयोगी पौधों और गार्डनिंग टिप्स की जानकारी पा सकें ।


## नगरवासीहरूको लागि जनहितमा जारी सूचना

- वडा तथा गाउँपालिकामा बुझाउनु पर्ने सबै प्रकाका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं ।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ ।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाईँसराइ दर्ता लगायतका पञ्जिकरण गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।

धनपालथान गाउँपालिका
मोरंग कोशी प्रदेश

# झापामा "बालबालिकासँग मुख्यमन्त्री" कार्यक्रम सम्पन्न



विराटनगर । कोशी प्रदेश स्काउट कार्यालयको आयोजनामा कमल गाउँपालिका, झापामा "बाल बालिकासँग मुख्यमन्त्री" कार्यक्रम सम्पन्न भएको छ ।

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको आर्थिक सहयोग तथा स्थानीय स्काउट कार्यालय र कमल गाउँपालिकाको व्यवस्थापन मा शुक्रवार सम्पन्न कार्यक्रममा प्रदेशभरका स्काउट बालबालिकाले कोशी प्रदेशका मुख्यमन्त्री तथा प्रदेश स्काउट संरक्षक हिक्मतकुमार कार्कीसँग प्रत्यक्ष संवाद गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि मुख्यमन्त्री कार्कीले बालबालिका का जिज्ञासा, सुझाव र अपेक्षाहरू ध्यानपूर्वक सुन्नुहुँदै उनीहरूको अधिकार, शिक्षा, सुरक्षा र नेतृत्व विकासका विषयमा प्रदेश सरकार गम्भीर र प्रतिबद्ध रहेको स्पष्ट पारेका थिए । उहाँले बालमैत्री प्रदेश निर्माणका लागि प्रदेश सरकार निरन्तर रूपमा क्रियाशील रहने प्रतिबद्धता पनि व्यक्ति गरेका थिए ।

कार्यक्रमको अध्यक्षता प्रदेश प्रमुख स्काउट तथा सामाजिक विकास मन्त्री रामप्रसाद महतोले गरेका थिए । उहाँले स्काउट आन्दोलनले बालबालिकाको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरेका थिए ।

कार्यक्रममा कमल गाउँ पालिकाका उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी, सामाजिक विकास मन्त्रालय का उपसचिव दुर्गा प्रसाद सिग्देल लगायत विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्व हरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमका क्रममा बाल बालिकाले शिक्षा, स्वास्थ्य, वातावरण, खेलकुद तथा बालमैत्री नीतिसम्बन्धी विषयमा आफ्ना धारणा र सुझाव प्रस्तुत गरेका थिए । प्रदेश प्रमुख आयुक्त हेमन्त भण्डारीले स्वागत मन्तव्य राखेका थिए ।

कार्यक्रममा कोशी प्रदेशभरबाट ४०० भन्दा बढी स्काउट बाल बालिकाको सहभागिता रहेको आयोजकले जानकारी दिएको थियो ।

## प्रहरीलाई...

मैले भनें, 'प्रधानमन्त्री चढ्नुभएको हेलिकप्टरमा हाम्रो डिआइजी साहेब चढ्नुभएकाले चेक भएकै छ नि !'

मैले फेरि कागज हेर्न चाहें ।

तब मण्डलले भने, 'छैन कागज, के जनतासँग भिड्न आउनुभएको हो? ल, हान्नुस् गोली !'

स्थिति निकै तनावपूर्ण हुन थाल्यो। वरपर करिब सय-डेढ सय जनाको भिड छ । आफूसँग ९-१० जना प्रहरी छन्, त्यो पनि लाठी बोकेर उभिएका म्यादी प्रहरीसहित ।

मण्डलका बारेमा अनेक किस्सा सुनेको थिएँ । बहस गर्नु सुरक्षा स्थिति खल्बल्याउनु हो भन्ने पनि बुझेको थिएँ । त्यसैले मैले गाडी नम्बर टिपेर कुनै पनि ठाउँमा गाडी पक्रिन सक्छौं भन्ने सूचना दिएँ र आफू आएको गाडी चढें ।

मण्डल भिड्ने र भिडाउने कुरा गर्दै थिए। हामी आफ्नो बाटो लाग्यौं ।

अफिस पुग्न नपाउँदै डिएसपी साहेबको फोन आयो ।

मण्डलले मुख्य निर्वाचन अधिकृत भैरवप्रसाद लम्साल (पछि सर्वोच्च अदालतका न्यायाधीश) लाई फोन गरेर 'इन्स्पेक्टरले आफू र कार्यकर्तालाई गोलीले उडाउने धम्की दिएर गयो' भन्न भ्याइसकेको डिएसपी साहेबले सुनाउनुभयो ।

प्रहरीले निर्वाचनका बेला कस्ता कस्ता सुरक्षा चुनौती बेहोर्नुपर्छ भन्ने जानकारी होस् भनेर मैले यी दृष्टान्त यहाँ प्रस्तुत गरेको हुँ ।

अहिलेको सुरक्षा संवेदनशीलता हेर्दा सरकारले अरू कुरा थाती राखेर भए पनि अति आवश्यक सुरक्षा सामग्री प्रबन्ध गर्न आवश्यक छ ।

किनभने अहिलेको परिस्थिति धेरै नै फरक छ। चुनौती थप्ने खालका डिजिटल माध्यमहरूको विकास धेरै माथि पुगिसकेको छ । पहिले सुरूमा प्रहरीकहाँ सूचना पुग्थ्यो र प्रहरीबाटै समुदायमा सञ्चार हुन्थ्यो। अहिले प्रहरीभन्दा अरूलाई नै धेरै थाहा हुने अवस्था छ । यो खालीपन चिर्न प्रहरीसँग स्रोतसाधनकै अभाव छ ।

सरकारले सुरक्षा चुनौती र प्रहरीको सवारी साधनको अवस्था मध्यनजर गरेरै होला, भारतबाट केही सवारी साधन सहयोगमा लिएको छ। यो सुखद कुरा हो ।

सरकारले प्रहरीलाई चाहिने स्रोतसाधनबारे पहल गरिदिनुपर्छ ।

२०५० सालतिर, आइजिपी मोतीलाल बोहोरा हुँदा प्रहरीलाई हेलिकप्टर दिन बजेटसँगै पाइलट ट्रेनिङको तयारी भएको थियो। तीन दशकभन्दा बढी समय बितिसक्दा पनि प्रहरीको त्यो हेलिकप्टर उडेन ।

प्रहरीसँग हेलिकप्टर नहुँदा कस्तो अवस्था हुन सक्छ भन्ने जेनजी आन्दोलनका बेला पनि देखियो। त्यो बेला प्रधानमन्त्रीलाई सेनाको हेलिकप्टरले सुरक्षित स्थानमा लग्यो। प्रहरीले भने मन्त्री, नेताहरूलाई पटक पटकको प्रयासमा गाडीमा प्रहरी मुख्यालय लगेर जोगाउनुपर्‍यो । त्यसैले आन्दोलनकारीले प्रहरी प्रधान कार्यालयमा समेत आक्रमण गरे ।

भैंसेपाटीको मन्त्री क्वार्टरबाट सेनाको हेलिकप्टरमा भाग्नुअघि पर्खिरहँदा मन्त्रीहरूले प्रहरीलाई पनि हेलिकप्टर व्यवस्था गरेको भए यसरी पर्खिरहनुपर्ने थिएन भन्ने महसुस गरे कि !

किनकि, सेनाको हेलिकप्टर प्रयोगमा ल्याउन एउटा प्रक्रिया पूरा गर्नुपर्छ। समय लाग्न सक्छ । प्रहरीसँग हेलिकप्टर भए आवश्यकताको सिद्धान्त अनुसार चल्ने प्रहरीले तत्कालै उद्धार गर्न पाउँछ ।

प्रहरीलाई हेलिकप्टर कति आवश्यक छ भन्नेबारे मैले गत वर्ष दसैंताका भएको अविरल वर्षा र बाढीबाट आक्रान्त हुँदा पनि उल्लेख गरेको थिएँ। ऊबेला दुरदराजमा त छँदैछ, काठमाडौंको नख्खु खोलामा फसेका परिवारलाई समेत ३-४ घन्टासम्म उद्धार गर्न सकिएको थिएन। प्रहरीसँग हेलिकप्टर भइदिएको भए त्यो अवस्था हुने थिएन !

पदभार ग्रहण गर्ने बित्तिकै प्रहरीलाई ब्रिफिङ र निर्देशन दिन पुगिहाल्ने गृहमन्त्री र गृहसचिवहरूले बुझ्नैपर्ने कुरा हो-ब्रिफिङ र निर्देशनले मात्रै प्रहरीको अवस्था, सुरक्षा व्यवस्था सुध्रिँदैन। ती ब्रिफिङले सार्थकता पाउन प्रहरीका लागि त्यही अनुसार साधन र सुविधा व्यवस्था गर्न जरूरी छ । आवश्यक स्रोतसाधन बिनाको ब्रिफिङ र निर्देशनले मात्र प्रहरीको मनोबल बढ्दैन । अनि बिना मनोबलको प्रहरीले चाहे अनुसार सुरक्षा व्यवस्था गर्न सक्दैन ।

माओवादी युद्धकै बेला थियो। आइजिपी अच्युतकृष्ण खरेल हुँदा कालिकोटको एउटा चौकीमा माओवादीले आक्रमण गर्‍यो। त्यहाँका प्रहरीले रातभर लडेर चौकी बचाए। केही माओवादी र केही प्रहरी हताहत भए ।

भोलिपल्ट तत्कालीन कार्य विभाग प्रमुख एआइजी कृष्णमोहन श्रेष्ठ (पछि सशस्त्र प्रहरी बलका संस्थापक आइजिपी) निजी क्षेत्रको हेलिकप्टर भाडामा लिएर चौकी पुग्नुभएको थियो ।

रातभर लडेर चौकी बचाएकामा उहाँले प्रहरीलाई स्याबासी दिँदै ब्रिफिङ गर्नुभयो ।

त्यही क्रममा रातभर लडेर थकित प्रहरी जवानले एक्कासि हात उठाएर भनेछन्, 'सर, हामीलाई ब्रिफिङभन्दा पनि साधन र स्रोत चाहियो। आधुनिक हतियार अनि सञ्चार साधन चाहियो हजुर ।'

नाजबाफ एआइजी साहेब ब्रिफिङ छोड्एर फर्किनुभएको थियो ।

त्यसैले सुरक्षा चुनौती भोगिरहेका प्रहरीलाई समसामयिक रूपमा स्रोतसाधन उपलब्ध गराउन आवश्यक छ। यस्तो भए प्रहरी सुरक्षा व्यवस्था मिलाउन समर्थ हुन्छ ।

शान्तिपूर्ण निर्वाचनको पहिलो सर्त नै सुरक्षा हो । र, यो शान्ति-सुरक्षा स्रोतसाधन र मनोबलयुक्त प्रहरीबाट मात्रै सम्भव छ । सेतोपाटी डिजिटल पत्रिकाबाट साभार

# लागुऔषध र ब्राउन सुगर सहित १२ पक्राउ

विराटनगर सुनसरी, झापा, उदयपुर र धनकुट्टाबाट लागू औषध ब्राउन सुगर र औषधी सहित १२ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

माघ १२ गते सुनसरीको इटहरी-१७ स्थितमा लागू औषध नियन्त्रण ब्युरो विराटनगर र इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरी टोलीले सोही स्थानकी जैतुन खातुन, मोहमद सैफुदिन र मन्जिना खातुनलाई १० ग्राम ३५० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

चेकजाँचकै क्रममा अस्थायी प्रहरी चौकी विजयपुरले धरान-१४ बाट सोही स्थानका कुन्दन पाठकलाई ट्रामाडोल ३१८ क्याप्सुल र स्पास्पेन २८९ ट्याब्लेट सहित नियन्त्रणमा लिएको छ भने झापाको दमक नगरपालिका-५ स्थितमा विशेष सुचनाको आधारमा लागु औषध नियन्त्रण ब्युरो काँकडभिट्टा र इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक-९ का निरन्जन विश्वकर्मा, अमित मगर र दमक- ५ मिन कुमार धिमाललाई ट्रामाडोल ८९५ क्याप्सुल, डिकोलिक ११५ चक्की, स्पास्पेन ६०० चक्की लागु सहित पक्राउ गरेको थियो ।

त्यसैगरी माघ ११ गते सुनसरीको अस्थायी प्रहरी चौकी रेल्वेबाट खटिएको प्रहरी टोलीले धरान-१७ का निर बहादुर दर्जी र किरण मगरलाई लागुऔषध ब्राउन सुगर १८० मिलिग्राम, प्रतिबन्धित औषधी ११९ पिस सहित र इलाका प्रहरी कार्यालय इटहरीले इटहरी-१९ का अविनाश चौधरीलाई ४३० मिलि ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

उदयपुरको प्रहरी चौकी लालपत्ताले बा. ९५ प ६२९१ नम्बरको मोटरसाईकल चालक त्रियुगा-११ का सविन राईलाई १५० एम्पुल प्रतिबन्धित औषधी सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी धनकुटाको सहिदभुमी-५ का रोहन राईलाई १३ किलो ४०० ग्राम गाँजा सहित इलाका प्रहरी कार्यालय भेडेटारले नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका उनिहरु माथि थप अनुसन्धान भईरहेको सम्बन्धित प्रहरी कार्यालयले जनाएको छ ।

**कर तिरौं, राजश्व बढाऔं**
कर तिर्नु कानुनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
**अन्तरिक राजश्व कार्यालय विराटनगर**

**चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।**
जाडो तथा चिसोको समयमा,
- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या , दम, निमोनिया, झाडापखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,हृदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरू बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।
- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔं र खुवाऔं ।
- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।
स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

**वडा अध्यक्ष : मधुबाबु तिवारी**
**७ नं. वडा कार्यालय विराटनग महानगरपालिका, मोरंग**